## योगदानमा आधारित सामाजिक सुरक्षा योजना कार्यान्वयनका सम्बन्धमा
## सामाजिक सुरक्षा कोषको प्रेस विज्ञप्ति

सम्माननीय प्रधानमन्त्री के.पी.शर्मा ओलीज्यूबाट २०७५ साल मंसीर ११ गते शुभारम्भ भएको योगदानमा आधारित सामाजिक सुरक्षा योजना आज मिति २०७६ श्रावण १ गते देखि औपचारिकरुपमा कार्यान्वयनमा आएको छ। यसबाट नेपालको संविधानको धारा ३४ को उपधारा (२) अनुसार सामाजिक सुरक्षा पाउने मौलिक हकलाई सुनिश्चित गर्न महत्वपूर्ण आधार तय भएको छ ।

सामाजिक सुरक्षा कोषले प्रारम्भमा औषधि उपचार तथा मातृत्व सुरक्षा योजना, दुर्घटना तथा अशक्तता सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना र बृद्धावस्था सुरक्षा योजना सहित चारवटा योजना (schemes) संचालन गर्नेछ । यसप्रकारका योजनामा सहभागी हुन आधारभूत पारिश्रमिकको ३१ प्रतिशत रकम सामाजिक सुरक्षा कोषमा योगदान गर्नुपर्ने व्यवस्था रहेको छ। जसमध्ये सम्बन्धित रोजगारदाताले २० प्रतिशत र योगदानकर्ताले ११ प्रतिशत रकम योगदान गरी कूल ३१ प्रतिशत रकम सामाजिक सुरक्षा कोषमा जम्मा गर्नुपर्दछ।

योगदान वापतको रकम सामाजिक सुरक्षा कोषमा जम्मा गरे पश्चात मात्र कोषले संचालनमा ल्याएका सामाजिक सुरक्षा योजना बमोजिमका सुविधाहरु प्राप्त गर्न सकिनेछ। योगदान रकम सामाजिक सुरक्षा कोषमा जम्मा नभएसम्मको अवधिको सेवा सुविधा व्यवस्थापन सम्बन्धित रोजगारदाताले नै गर्नुपर्नेछ। दुर्घटना तथा अशक्तता सुरक्षा योजना योगदान रकम प्राप्त भएकै मितिबाट र अन्य योजनाहरु सामाजिक सुरक्षा योजना संचालन कार्यविधिमा तोकिए बमोजिमको अवधि पूरा भएपछि मात्र लागू हुनेछन् ।

सामाजिक सुरक्षा योजना सञ्चालनमा देखिएका नीतिगत, कानुनी एवं प्रक्रियागत समस्या समाधान गर्ने तथा सामाजिक सुरक्षा योजनालाई थप आकर्षक बनाउने उद्देश्यले निजी क्षेत्र, रोजगारदाता र श्रमिकबाट विभिन्न समयमा प्राप्त सुझाव समेतको आधारमा सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७५ परिमार्जन समेत गरी योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को परिच्छेद ३ बमोजिम सूचीकृत हुन बाँकि सबै रोजगारदाता तथा योगदानकर्ता सामाजिक सुरक्षा कोषमा सूचीकृत हुने समयावधि २०७६ असोज मसान्तसम्म हुनेगरी आदेश जारी गरिएको छ। यसबाट सामाजिक सुरक्षा योजनामा उत्साहजनक सहभागिता हुने विश्वास लिइएको छ।

२०७६।४।१
कार्यकारी निर्देशक

Scanned with CamScanner